**संघीय संसद्**
**राष्ट्रिय सभा**
**छैटौं अधिवेशन**
**बैठक - १९**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७७ जेठ २८ गते बुधबार**

---

संघीय संसद्, राष्ट्रिय सभाको छैटौं अधिवेशनको **उन्नाईसौं बैठक** सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **अपराह्न ३:०० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले **शून्य समय**मा बोल्नका लागि निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**मा. मृगेन्द्र कुमार सिंह यादव**ले सेवाबाट निकाल्दा आत्महत्या गरेका अछामको एक अस्पतालमा कार्यरत सिद्धार्थ आउजीको परिवारलाई उचित क्षतिपूर्ति दिनुपर्ने माग गर्नुहुँदै रुपन्देहीमा पशुफार्ममा पाँचजनाको सामूहिक हत्या भएको घटनाको छानबिन गरी पीडितलाई उचित क्षतिपूर्ति दिनुपर्ने माग गर्नुभयो ।

**मा. राधेश्याम अधिकारी**ले बालुवाटारमा शान्तिपूर्ण प्रदर्शन गर्ने नागरिकहरूमाथि सरकारले गरेको दमनको विरोध गर्नुहुँदै नागरिक लकडाउन अवज्ञा गर्ने स्थितिमा पुगेकोले वैकल्पिक उपायको खोजी गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. रामलखन चमार**ले विगतमा जन्मको आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्ततिलाई नागरिकता प्रदान गर्ने सम्बन्धमा सरकारी व्यवस्थाबारे प्रश्न गर्नुहुँदै वञ्चितमा परेका नागरिकलाई नागरिकता वितरण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. रामनारायण विडारी**ले सवारी जाँचपासलाई प्रभावकारी बनाउनुपर्ने माग गर्नुहुँदै आंशिक प्राध्यापकहरूले तलब नपाएको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. डा. विमला राई पौड्याल**ले मनोचिकित्सकहरूलाई ठाउँठाउँमा परिचालन गरी नागरिकको मानसिक स्वास्थ्यलाई संवेदनशील विषयका रूपमा लिन ध्यानाकर्षण गराउनुभयो ।

**मा. शान्ती कुमारी अधिकारी जि. सी.** ले आन्तरिक मूल्याङ्कनको माध्यमबाट भएपनि विद्यार्थीको "अपग्रेड" गर्ने व्यवस्था गर्न शिक्षा मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

**मा. शारदा देवी भट्ट**ले कोरोना उपचारको लागि आवश्यक कीट तथा भेन्टिलेटरको व्यवस्था गर्दै सुदूरपश्चिमका जनताको लागि विशेष राहत प्याकेज ल्याउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. शेर बहादुर कुँवर**ले सेवाबाट निकाल्दा आत्महत्या गरेका अछामको बयलपाटा अस्तपालमा कार्यरत सिद्धार्थ आउजीको परिवारलाई उचित क्षतिपूर्ति सहित दोषीलाई कारवाहीको माग गर्नुभयो ।

**मा. सिंग बहादुर विश्वकर्मा**ले आरडीटी परीक्षणमा रोक लगाई पीसीआर परीक्षणको दायरा विस्तार गर्नुपर्ने माग गर्नुभयो ।

**मा. सुमित्रा बि. सी.** ले महिला हिंसामा संलग्नलाई कारवाहीका साथै पीडितलाई उचित क्षतिपूर्ति दिनुपर्ने माग गर्नुहुँदै क्वारेन्टाइनमा बसेका सुत्केरी तथा गर्भवती महिलाहरूको उचित हेरचाह गर्न ध्यानाकर्षण गराउनुभयो ।

**मा. हरिराम चौधरी**ले सुदूरपश्चिममा क्वारेन्टाइनमा बसेका नागरिकको पीसीआर परीक्षणमा ढिला भएकोले परीक्षण विधिमा परिवर्तन गरी निजी क्षेत्र समेतलाई परीक्षणमा संलग्न गराउनुपर्ने माग गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **शून्य समय**मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै **विशेष समय**मा बोल्नका लागि दलीय आधारमा निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**मा. सुमन राज प्याकुरेल**ले सरकारले प्रभावकारी व्यवस्थापन गरेकोले कोरोना महामारीबाट कम जनधनको क्षति भएको, आईसीयू र भेन्टिलेटरको व्यवस्था गरेको, राहत व्यवस्थापन गरेको र विभिन्न तहका सरकारसँग समन्वय गरेको बताउनु हुँदै भ्रष्टाचार विरुद्ध सरकारले शून्य सहनशीलता नीति अङ्गीकार गरेको बताउनुभयो ।

**मा. रमेश जंग रायमाझी**ले विगतमा नेपाली कांग्रेसको सरकारले खुला नीति अङ्गीकार गरेको कारण देशको शिक्षा, स्वास्थ्य, उद्योगधन्दा जस्ता पूर्वाधारको विकास भई आजको स्थितिसम्म आइपुगेको बताउनु हुँदै सरकारले रु. १० अर्बको खर्च विवरण सार्वजनिक गर्नुपर्ने माग गर्नुभयो । उहाँले सीमा सील गर्न नेपाली कांग्रेसले सुझाव दिएको बताउनु हुँदै लडकाउन अवधिमा ६३ जना सुत्केरी महिलाको मृत्यु भएकोले यसतर्फ संवेदनशील बन्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. राधेश्याम पासवान**ले धनुषा जिल्ला कारागारमा एक कैदीको निधन भएकोमा गृह मन्त्रालयको ध्यानाकर्षण गराउनु हुँदै ३ वर्षदेखि रिक्त रहेको दलित आयोगको पद शीघ्र पूर्ति हुनुपर्ने माग गर्नुभयो । उहाँले अछाम जिल्लामा रोजगारीबाट निकाल्दा आत्महत्या गरेको व्यक्ति र रुपन्देहीमा पाँचजनाको सामूहिक हत्या भएको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. विमला घिमिरे**ले १४ दिन क्वारेन्टाइनमा राखी विना परीक्षण घर फर्काउने स्वास्थ्य मन्त्रालयको निर्णयप्रति प्रश्न गर्नुहुँदै देशमा हत्या, आत्महत्या र बलात्कारका घटनामा वृद्धि भएकोले समयमा नै सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **विशेष समय**मा राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयाललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "विनियोजन विधेयक, २०७७" सभा समक्ष टेबुल गर्न समय उपलब्ध गराउनुभयो ।

लगत्तै, सम्माननीय अध्यक्षले **"प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६"** माथि राष्ट्रिय सभा (पहिलो संशोधन) नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यहरुबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउनु हुँदै माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश कुमार भट्टराईलाई **"प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६"** लाई सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्ट**लाई **"स्टाण्डर्ड नाप र तौल (पाँचौं संशोधन) विधेयक, २०७६ लाई दफावार छलफलको लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्"** भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनु हुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले संविधान सभा सदस्य एवं पूर्व उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री मेघराज निषाध सहनीको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुभयो :

**शोक प्रस्ताव**

*वि. स. २०७० सालको संविधान सभा सदस्यमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित मेघराज निषाध सहनीको ६० वर्षको उमेरमा मिति २०७७ साल जेठ २७ गते मङ्गलवारका दिन निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।*

*स्व. सहनी नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) का नेता तथा नेपाल सरकारका पूर्व राज्य मन्त्री हुनुहुन्थ्यो ।*

*यो बैठक दिवंगत सहनीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारजनमा समवेदना प्रकट गर्दछ ।"*

तत्पश्चात्, सम्माननीय अध्यक्षले शोक प्रस्तावलाई पारित गरिदिन अनुरोध गर्नुहुँदा सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सभाले स्व. मेघराज निषाध सहनीप्रति श्रद्धाञ्जली अर्पण गर्न उठेर एक मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर, सम्माननीय अध्यक्षले अर्को बैठक **२०७७ साल जेठ २९ गते बिहीबार बिहान ११:०० बजे** बस्ने गरी **अपराह्न ३:४५ बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

**(डा. भरतराज गौतम)**
**संघीय संसद्‌को महासचिव**

**संघीय संसद्**
**राष्ट्रिय सभा**
**छैटौं अधिवेशन**
**बैठक - २०**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७७ जेठ २९ गते बिहीबार**

---

संघीय संसद् राष्ट्रिय सभाको छैटौं अधिवेशनको **बीसौं बैठक** सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **बिहान ११:०५ बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले **शून्य समय**मा बोल्नका लागि निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**मा. अनिता देवकोटा**ले बोक्सीको आरोपमा सप्तरीमा सदाहा नामकी महिलालाई मरणासन्न हुनेगरी कुटपिट गर्नेलाई कडा कारवाहीको माग गर्नुहुँदै आरडीटी परीक्षण रोकी पीसीआर परीक्षणको दायरा विस्तार गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. उदया शर्मा पौडेल**ले कोरोना महामारीको विषम परिस्थितिमा श्रमिक तथा कर्मचारीको रोजगारी खोसी विचलित नबनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. कोमल वली**ले त्रिभुवन विश्वविद्यालयमा कार्यरत आंशिक प्राध्यापकहरूले तलब नपाएको विषयमा शिक्षा मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

**मा. गङ्गा कुमारी बेलबासे**ले कर्णाली नदीमा यात्रुवाहक ट्रिपर खसेको घटनाको छानबिन गर्नुपर्ने माग गर्नुहुँदै लकडाउन खुकुलो बनाएपछि महानगर र साझा यातायात सञ्चालनमा ल्याउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. चक्र प्रसाद स्नेही**ले सेवाबाट निकाल्दा आत्महत्या गरेका अछामको एक अस्तपालमा कार्यरत सिद्धार्थ आउजीको परिवारलाई उचित क्षतिपूर्ति दिनुपर्ने माग गर्नुहुँदै रुपन्देहीमा पाँचजनाको सामूहिक हत्या भएको घटनाको छानबिन गरी पीडितलाई उचित क्षतिपूर्ति दिनुपर्ने माग गर्नुभयो ।

**मा. तारादेवी भट्ट**ले सरकारले लकडाउन अवधिभरको बिजुली महसुलमा भारी छुट दिने भने तापनि व्यवहारमा कार्यान्वयन नगरेको र नेपाल टेलिकमले शतप्रतिशत छुट दिने भने तापनि एकप्रतिशत समेत छुट नदिएको विषयमा ध्यानाकर्षण गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **शून्य समय**मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"विनियोजन विधेयक**, **२०७७ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"विनियोजन विधेयक, २०७७ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनु हुँदै उक्त क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा समेत जानकारी गराउनुभयो । सम्माननीय अध्यक्षले छलफलमा भाग लिन चाहनु हुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

| | | |
|---|---|---|
| १. मा. जितेन्द्र नारायण देव | ४. मा. गोपी बहादुर सार्की आछामी | ७. मा. प्रकाश पन्थ |
| २. मा. राधेश्याम अधिकारी | ५. मा. अनिता देवकोटा | ८. मा. खिमलाल भट्टराई |
| ३. मा. प्रमिला कुमारी | ६. मा. देवेन्द्र दाहाल | |

तत्पश्चात्, सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"विनियोजन विधेयक, २०७७ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय अर्थमन्त्री डा. युवराज खतिवडा**लाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनु हुँदै प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"विनियोजन विधेयक, २०७७ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"विनियोजन विधेयक, २०७७ माथि विचार गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"विनियोजन विधेयक**, **२०७७"** का विभिन्न शीर्षकहरूमाथि छलफल र सम्बन्धित मन्त्रीबाट जवाफ दिनका लागि मिति २०७७ असार १ गतेदेखि ४ गतेसम्मका दिनहरू निर्धारण गरिएको व्यहोरा जानकारी गराउनु हुँदै छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले दलीय आधारमा बैठक सुरू हुनुभन्दा एकदिन अगावै कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा) मा नाम उपलब्ध गराउनुहुन जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश कुमार भट्टराई**लाई **"प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **"प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनु हुँदै उक्त क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा समेत जानकारी गराउनुभयो । सम्माननीय अध्यक्षले छलफलमा भाग लिन चाहनु हुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई छलफलमा भाग लिनका लागि समय उपलब्ध गराउनुभयो :

१. मा. कोमल वली

२. मा. रामनारायण विडारी

३. मा. प्रकाश पन्थ

४. मा. वेदुराम भुसाल

तत्पश्चात्, सम्माननीय अध्यक्षले **"प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश कुमार भट्टराई**लाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनु हुँदै **"प्रतिलिपि अधिकार (पहिलो**

**संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "**प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मतिले स्वीकृत** भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **"प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६"** माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा (पहिलो संशोधन) नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री घनश्याम भुसाललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित "बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५ माथि छलफल गरियोस्"** भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनु हुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित "बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५"** माथि छलफल प्रारम्भ भएको जानकारी गराउनु हुँदै छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने व्यहोरा समेत जानकारी गराउनुभयो । सम्माननीय अध्यक्षले छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूलाई समय दिनुहुँदा कुनै पनि माननीय सदस्यले छलफलमा भाग नलिनु भएपछि उक्त प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **"बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५"** का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १७ सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **"बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५"** का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १७ सम्म उल्लिखित संशोधनहरूलाई **"बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५ को अंग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि २० सम्मका दफालाई **"बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५ को अंग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुभयो :

"**<u>प्रस्तावना:</u>** बीउ बिजन ऐन, २०४५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले संघीय संसदले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यो ऐनको नाम **"बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७७"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।"

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम **"बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७७ को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री घनश्याम भुसाललाई **"बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७७ लाई पारित गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनु हुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मति**ले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले अर्को बैठक **२०७७ साल जेठ ३२ गते आइतबार बिहान ११:००** बजे बस्ने गरी **दिनको १२:४०** बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

**(डा. भरतराज गौतम)**

**संघीय संसद्को महासचिव**

**संघीय संसद्**

**राष्ट्रिय सभा**

**छैटौं अधिवेशन**

**बैठक - २१ (पहिलो बैठक)**

**सूचना पत्र - २**

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७७ जेठ ३२ गते आइतबार**

---

संघीय संसद्, राष्ट्रिय सभाको छैटौं अधिवेशनको **एक्काईसौं बैठक** सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **बिहान ११:०० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयाललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७"** लाई सभा समक्ष टेबुल गर्न समय उपलब्ध गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **१५ मिनेटपछि** बस्ने गरी **बिहान ११:०५ बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

**(डा. भरतराज गौतम)**

**संघीय संसद्को महासचिव**

संघीय संसद्
राष्ट्रिय सभा
छैटौं अधिवेशन
बैठक - २२ (दोस्रो बैठक)
सूचना पत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

**२०७७ जेठ ३२ गते आइतबार**

---

संघीय संसद्, राष्ट्रिय सभाको छैटौं अधिवेशनको **बाईसौं बैठक** सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **बिहान ११:२० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङ्फेलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनु हुँदै उक्त क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा समेत जानकारी गराउनुभयो । सम्माननीय अध्यक्षले छलफलमा भाग लिन चाहनु हुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

१. मा. बेदु राम भुसाल
२. मा. अनिता देवकोटा
३. मा. देवेन्द्र दाहाल
४. मा. ठगेन्द्र प्रकाश पुरी
५. मा. जितेन्द्र नारायण देव
६. मा. दिल कुमारी रावल थापा (पार्वती)
७. मा. कोमल वली
८. मा. जग प्रसाद शर्मा
९. मा. भैरव सुन्दर श्रेष्ठ
१०. मा. मृगेन्द्र कुमार सिंह यादव
११. मा. रामनारायण विडारी
१२. मा. विमला घिमिरे
१३. मा. डा. विमला राई पौड्याल
१४. मा. प्रकाश पन्थ
१५. मा. सुमन राज प्याकुरेल
१६. मा. माया प्रसाद शर्मा
१७. मा. गोपी बहादुर सार्की आछामी
१८. मा. शारदा देवी भट्ट
१९. मा. भगवती न्यौपाने
२०. मा. जीवन बुढा
२१. मा. शेर बहादुर कुँवर
२२. मा. राम लखन चमार
२३. मा. चक्र प्रसाद स्नेही
२४. मा. दिपा गुरुङ
२५. मा. इन्दु कडरिया
२६. मा. सुमित्रा बि. सी.
२७. मा. महेश कुमार महरा
२८. मा. खिम कुमार वि.क.
२९. मा. रमेश जंग रायमाझी
३०. मा. परशु राम मेघी गुरुङ

तत्पश्चात्, सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङ्फेलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनु हुँदै उक्त प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **"नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७** माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा (पहिलो संशोधन) नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने व्यहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७७ आषाढ १ गते सोमबार बिहान ११:००** बस्ने गरी **दिनको २:०५ बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

**(डा. भरतराज गौतम)**

**संघीय संसद्को महासचिव**